# मिर्चैया नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मिर्चैया, सिरहा
प्रदेश नं २,नेपाल

## नगर प्रहरी सम्बन्धी सुचना

(प्रथम पटक प्रकाशित मिति २०७८/०८/०१)

मिर्चैया नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, मिर्चैया सिरहामा रिक्त रहेको नगर प्रहरी सहायक निरिक्षक र नगर प्रहरी जवान पदहरुमा खुला प्रतियोगिताद्वारा समावेशी प्रवधान अनुसार करार पदपुर्ती गर्नु पर्ने भएकोले देहाय बमोजिमका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त अह्वान गरिन्छ ।

**१. आवश्यक पद संख्याः**

| विज्ञापन नं. | पद | खुल्ला | समावेशी समुह | | | | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|---|---|
| | | | महिला | आ.ज | मधेशी | दलित | |
| ०७-२०७८/०७९ | नगर सहायक प्रहरी | १ | - | - | - | - | १ |
| ०८-२०७८/०७९ | नगर प्रहरी जवान | ९ | ३ | २ | २ | १ | १७ |

**२. दरखास्त फारम दर्ता मितिः** २०७८/०८/०१ गते बिहान १०:०० बजे देखी २०७८/०८/१५ गते, दिनको १७:०० बजेसम्म (सार्वजनिक विदाको दिन बाहेक) दोब्बर दस्तुर तिरि २०७८/०८/२२ गते दिनको १५:०० बजेसम्म फारम बुझाउन सकिने छ ।

**३. दरखास्त फारम प्राप्त तथा बुझाउने स्थानः** मिर्चैया नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, मिर्चैया सिरहा ।

**४. दरखास्त राजशवदस्तुर :**

- नगर प्रहरी सहायक निरिक्षक पदका लागि दरखस्त फारम साथ राजश्व दस्तुर रु.४००/-(चार सय ) बुझाउनु पर्नेछ ।
- नगर प्रहरी जवान पदका लागि दरखास्त फारम साथ राजश्व दस्तुर वापत रु.३००/-(तिन सय) बुझाउनु पर्नेछ ।
- साथै एक भन्दा बढी समुहमा दरखस्त दिने उम्मेदवारहरुको हकमा प्रत्येक समुहको लागि थप रु.१००/-(एक सय) का दरले थप दस्तुर लाग्ने छ ।

**५. आवश्यक न्युनतम योग्यताहरुः**

| पद | न्युनतम योग्यता |
|---|---|
| नगर प्रहरी सहायकनिरिक्षक | १. शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थावाट कम्तिमा उच्च माध्यमिक (१०+२) वा प्रविणता प्रमाणपत्र तह वा सो सरह उतिर्ण गरेको । |
| | २. नैतिक पतन देखिने फौजदारी अभियोग सजाय नपाएको । |
| | ३. राजनैतिक दलका सदस्य नरहेको । |
| | ४. आतङ्ककारी सङ्गठनको सदस्य नरहेको । |
| | ५. भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको । |
| | ६. स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र भएको । |
| | ७. सम्बन्धित ईलाका वा वडा प्रहरी कार्यालयवाट जारी भएको चारित्रिक प्रमाणपत्र । |
| | ७. नेपाली नागरिक । |
| | ८. सुरक्षा निकायमा सहायक निरीक्षक वा सो सरहको पदमा कम्तिममा ३ वर्ष सेवा गरेको । |
| | ९ .उमेर २५ वर्ष पुरा भई ५० वर्ष ननाधेको । |
| | ८. आँखा माईन्स २ वा प्लस २ भन्दा बढी कमजोर नभएको । |
| | ९.उचाई, छाती र तौलः |
| | **(क) पुरुषः** उचाई घटीमा ५ फीट ३ ईन्च, छाति ३१-३३, तौल ५० के.जी |
| | **(ख) महिलाः** उचाई घटीमा ५ फीट, तौल ४२ के.जी |

# मिर्चैया नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मिर्चैया, सिरहा
प्रदेश नं २,नेपाल


| | |
|---|---|
| नगर प्रहरी जवान | **१ शैक्षिक योग्यताः** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा ८ (आठ) कक्षा उतीर्ण गरेको । |
| | २. नैतिक पतन देखिने फौजदारी अभियोग सजाय नपाएको । |
| | ३. राजनैतिक दलको सदस्य नरहेको । |
| | ४. आतङ्ककारी सङ्गठनको सदस्य नरहेको । |
| | ५. भविषयमा सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको । |
| | ६. स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको । |
| | ७. नेपाली नागरिक । |
| | ८.उमेर १८ वर्ष पुरा भई ३५ वर्ष ननाधेको । |
| | ८. आँखा माईन्स २ वा प्लस २ भन्दा बढी |
| | ९.उचाई, छाती र तौलः |
| | **(क) पुरुषः** उचाई घटीमा ५ फीट ३ ईन्च, छाति ३१-३३, तौल ५० के.जी |
| | **(ख) महिलाः** उचाई घटीमा ५ फीट, तौल ४२ के.जी |

**६. दरखास्तसाथ समावेश गर्नुपर्ने कागजातहरु :**

**क)** नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि-१(एक) प्रति ।

**ख)** हाखसालै खिचेको पुरै मुखाकृति (दुवै कान समेत ) प्रष्ट देखिने एकै किसिमको पासपोर्ट साइजको फोटो ५ (पाँच) प्रति ।

**ग)** आफुले प्राप्त गरेको न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १/१ (एक/एक) प्रति, नेपाल बाहिर अध्ययन गरेको हकमा त्रि.वि.वि.वाट समकक्षता निर्धारणको प्रमाणपत्र (Equivalent Certificate) पेश गर्नु पर्नेछ ।

**घ) आदिवासीरजनजाती**का लागि नेपाल आदिवासीरजनजाती राष्ट्रिय उत्थान प्रतिष्ठानबाट आदिवासी जनजाती भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि -१(एक) प्रति । तर, नेपाल आदिवासीरजनजाती राष्ट्रिय उत्थान प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धीत स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारी वा गाउँपालिका र नगरपालिकाको वडा तहवाट सूचिकृत भएको जाती भित्रको थर भनी प्रमाणित गराई दरखस्त साथ पेश गर्नुपर्नेछ ।

**ङ) दलितका** लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि -१(एक) प्रति । तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धीत स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारी वा गाउँपालिका र नगरपालिकाको वडा तहवाट सूचिकृत भएको जाती भित्रको थर भनी प्रमाणित गराई दरखस्त साथ पेश गर्नुपर्नेछ ।

**च) मधेसीका** लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि -१(एक) प्रति । तर, नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्मका सम्बन्धीत स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारी वा गाउँपालिका र नगरपालिकाको वडा तहवाट सूचिकृत भएको जाती भित्रको थर भनी प्रमाणित गराई दरखस्त साथ पेश गर्नुपर्नेछ ।

**छ) दरखास्त** फारमसँग संलग्न राखी पेश गर्ने कागजातहरुको प्रतिलिपिको पछाट्टिपट्टि '**सककल बमोजिम नक्कल ठिक छ**' भनि उम्मेदवार स्वयम्ले अनिवार्य रुपमा दस्तखत गर्नु पर्नेछ ।

**७. छनौट विधिः** प्रारम्भिक स्वास्थ्य परिक्षण तथा शारीरिक तन्दुरुस्ती परीक्षा, लिखित परिक्षा र अन्तरवार्ता ।


e-mail:–munmirchaiya272@gmail.com
website:- mirchaiyamun.gov.np

# मिर्चैया नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मिर्चैया, सिरहा
प्रदेश नं २,नेपाल


**८. कार्यक्षेत्र तथा कामको प्रकृतीः** मिर्चैया नगरपालिका नगर प्रहरी समबन्धी कार्यविधि २०७७ मा उल्लेख भए बमोजिमको

**९. सम्पर्क मिति तथा स्थानः** सम्पर्क मिति पछि तोकने छ ।

**१०. स्थानिय वासिन्दालाई विशेष ग्राह्यता दिईनेछ ।**

पुनश्चः

१. हरेक चरणको परिक्षा समाप्ती पछी नतिजा प्रकाशन गरिनेछ र उतीर्ण उम्मेदवारहरुलाई मात्र अर्को चरणको परिक्षामा सम्मिलित गराईनेछ ।

२. दरखास्त पेश गर्दा सक्कल प्रमाणपत्रहरु साथमा लिई उम्मेदवार स्वयम् उपस्थित हुनु पर्नेछ ।

३. यस विज्ञापन सम्वन्धी थप जानकारीका लागि यस नगरपालिकाको वेवसाईटः www.mirchaiyamun.gov.np मा समेत हेर्न सकिनेछ र दरखास्त फारम सोही वेवसाईटवाट डाउनलोड गरी आवश्यक कागजातहरु स्वयमले प्रमाणित गरेको नक्कल प्रति संलग्न राखी यस कार्यालयमा पेश गर्न सकिने छ ।

...................

डम्बरध्वज आङ्देम्वे
प्रमुख प्रशासकीय अधिकृत